भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खावाङबगर, रुकुम (पूर्व)

५ नं. प्रदेश, नेपाल

## स्वयम सेवामा पदपूर्ति सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०७६/०१/२९)

यस गाउँपालिकाको विभिन्न विद्यालयहरुको लागि तपसिल बमोजिमका विषयहरुमा खुला प्रतियोगिताद्वारा स्वयमसेवक शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा दरखास्त आव्हान गरिन्छ ।

| विज्ञापन नं. | पद | माग संख्या | आवश्यक न्यूनतम् शैक्षिक योग्यता |
|---|---|---|---|
| २५/०७५-७६ | स्वयंसेवक शिक्षक (मावि सामाजिक) | १(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| २६/०७५-७६ | स्वयंसेवक शिक्षक (मावि कम्प्यूटर) | १(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा १ वर्षको कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरेको । |
| २७/०७५-७६ | स्वयंसेवक शिक्षक (आवि कम्प्यूटर) | १(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्यूटर तालिम लिएको । |

छनौटको तरिकाः लिखित, मौखिक र आवश्यक परे प्रयोगात्मक

कार्य शर्तको विवरण (**TOR**): करार सम्झौतामा उल्लेख गरिने ।

आवेदन शुल्कः रू. १,०००/- (अक्षरुपी रू. एक हजार मात्र) ।

उमेरः १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।

तलब तथा सुविधाः भूमे स्वयंसेवा परिचालन कार्यविधि, २०७४ बमोजिम ।

दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरुः नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र र तालिमका प्रमाण पत्रहरुको प्रतिलिपी ।

काम गर्नुपर्ने स्थानः भूमे गाउँपालिका भित्रका विद्यालयहरुमा आवश्यकता अनुसार ।

दरखास्त दिने अन्तिम मितिः २०७६/०१/२९ गतेदेखि २०७६/०२/१२ गतेसम्म ।

*आवेदनको ढाँचा यस कार्यालयको वेबसाईट www.bhumemun.gov.np बाट डाउनलोड गर्न वा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।*

नोटः

- इच्छुक उम्मेदवारले उल्लेखित मितिभित्र प्राप्त हुने गरी माथि उल्लेखित कागजातहरु भूमे गाउँपालिकाको नाममा नेपाल बैंक लिमिटेड, रुकुम(पूर्व) स्थित बैंक खाता नं. ग-४-१ (१८९०३०००००००४००१००३) मा आवेदन दस्तुर जम्मा गरी इमेल bhumemun@gmail.com वा गाउँपालिकामा स्वयं उपस्थित भई आवेदन शुल्क तिरी आवेदन दिन सकिनेछ ।
- आवेदन शुल्क नतिरेको, म्याद नाघी प्राप्त हुन आएका र प्रमाण पत्र नपुगेका दरखास्त उपर कुनै कारबाही गरिने छैन । आवेदन परेका मध्येबाट स्वीकृत नामावली प्रकाशन सँगै परीक्षाको मिति तोकिने छ।

***सम्पर्क नं. ९८०९७९१५५४, ९८४७८७८४३२ इमेलः*** *bhumemun@gmail.com* ***वेबसाइटः*** *www.bhumemun.gov.np*

*सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिश समितिले निर्धारण गरे बमोजिम हुनेछ ।*

प्रमुख प्रशासकीय अधिकृत

चन्द्रसिंह श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत